
# लेखापरीक्षण प्रतिवेदन

# तातोपानी गाउँपालिका, जुम्ला

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तातोपानी गाउँपालिका, जुम्ला

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/672

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

तातोपानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

जुम्ला।

## कैफियतसहितको राय

हामीले तातोपानी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ५८ लाख ३४ हजार, सामाजिक विकास मन्त्रालय र कानुन मन्त्रालयको रु. २० लाख ४ हजार समेत रु.७ करोड ७८ लाख ३८ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्व ७ करोड १७ लाख ९७ हजारको लेखापरीक्षण गरिएकोमा रु. ४ करोड ६१लाख ९३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. १ करोड ६१ लाख १२ हजार फर्स्यौट भई बाँकी बेरुजू रु. ३ करोड ८१ हजार मध्ये असुल गर्नुपर्ने रू. २९ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ४९ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३४ हजार र पेस्की बाँकी रु. २० लाख ९८ हजार रहेको छ। गत वर्षसम्म रु.२१ करोड २५ लाख ७६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २४ करोड २६ लाख ५७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति र बेरुजू सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, जटील प्रकृतिको संरचना निर्माणको कार्य उपभोक्ता समितिमार्फत गराएको, वितरणमुखी कार्यक्रम संचालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा

यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| ५२ | ७६ | ४,६१,९३,६८५ | ० | ५ | १,६१,१२,४३९ | ० | ५२ | ७१ | ३,००,८१,२४६ | २९,८३,५२३ | २,००,३४,४५६ | ४९,६५,३५७ | ० | ० | २,४९,९९,८१३ | २०,९७,९१० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जुम्ला | २१,२५,७६,००० | ० | ० | २१,२५,७६,००० | ० | ३,००,८१,२४६ | २४,२६,५७,२४६ |

## बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २.२ | वित्तीय विवरणको विश्लेषण | १,३६,८२,४८६ |
| २ | २०८०/८१ | ४१ | महिला तथा बालबालिकाको डाटा संकलनः | २,२२,२०० |
| ३ | २०८०/८१ | ६० | परिमाण र दर उल्लेख नगरि भुक्तानि | ७,९२,८०१ |
| ४ | २०८०/८१ | ६४ | परिमाण दर र चेनेज नखुलेको | १४,१४,९५२ |
| जम्मा | | | | १,६१,१२,४३९ |

# (८०६६२५०३३०० - तातोपानी गाउँपालिका, जुम्ला )

## परिचय

१ .

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४७ सभा सदस्य, ५२५.५६ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ६ सय ३८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।२० देखि २०८१ ।५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १,०७,१७,९७,२३१।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २७४२६७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लेखापरीक्षणको क्रममा असूली | २७४२६७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले =२०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहायबमोजिम छ ।

| वित्तीय प्रतिवेदन | | | |
|---|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोवार | गत आ.ब.को कारोवार |
| ११००० | कर | ७,९४,७१,०९८.४२ | ७,८९,९८,६५९.२८ |
| १३००० | अनुदान | ३३,२१,६४,२०३.०० | ३९,३८,४६,८७१.०० |
| १४००० | अन्य राजस्व | १३,६८,७४२.७५ | ० |
| क | **कुल जम्मा प्राप्ति** | ४१,३०,०४,०४४.१७ | ४७,२८,४५,५३०.२८ |
| ३ | चालु | ३२,२९,११,९०९.०० | ३०,५६,१८,७३२.०० |
| २१००० | पारिश्रमिक / सुविधा | १६,६१,१४,९३६.०० | ९,७४,१३,९५२.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३,७०,१२,२४१.०० | १२,२५,२०,१८४.०० |
| २५००० | सहायता (Subsidy) | ८१,४८,०३५.०० | ७,८३,६३,४६८.०० |
| २६००० | अनुदान | १,५०,०००.०० | ० |
| २७००० | सामाजिक सुरक्षा | ३९,०४,७७५.०० | ४३,२८,१५६.०० |
| २८००० | अन्य खर्च | ७५,८१,९२२.०० | २९,९२,९७२.०० |
| ४ | पूंजीगत | १२,८५,७८,८०८.०० | १९,७०,३६,२२३.८२ |
| ३१११० | भवन तथा संरचना | ४३,३७,२०९.०० | ४,१५,२९,९६१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४३,२८,६५४.०० | ५२,२८,०१६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ३९,४८,५५२.०० | ५९,७५,९८३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ११,४९,७५,३१०.०० | १४,२८,७३,३८२.८२ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ९,८९,०८३.०० | ७,६८,८८१.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ६,६०,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ४५,१४,९०,७१७.०० | ५०,२६,५४,९५५.८२ |
| ग) | बचत /कमी | (३,८४,८६,६७२.८३) | (२,९८,०९,४२५.५४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट | ८,५८,९१४.४८ | २१,९९,४४२.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -१३,०४१.०० | (४,१३,३००.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) | (३,७६,२७,७५८.३५) | (२,७६,०९,९८३.५४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ९,०५,३०,२७८.७१ | ११,८१,४०,२६२.२५ |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात | ५,२९,०२,५२०.३६ | ९,०५,३०,२७८.७१ |

## २.२ गत बर्षको मौज्दात

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१३,६८२,४८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२.३ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाको प्राप्ती र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा निम्नानुसारको कारोवार समावेश भएको देखिएन ।

**संघ र प्रदेश सरकावाट प्राप्त रकम :** पालिकावाट प्राप्त विवरण अनुसार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा संघ र प्रदेशवाट प्राप्त निम्नानुसारको आम्दानी र खर्च रकम समावेश भएको देखिएन ।

| **शिर्षकको नाम** | **आम्दानी** | **खर्च** |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | ७५८३३७०९ | ७५८३३७०९ |
| सामाजिक विकास मन्त्रालय | ३००००० | ३००००० |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १७०४००० | १७०४००० |
| **जम्मा** | **७७८३७७०९** | **७७८३७७०९** |

**धरौटी तथा अन्य कोषको कारोवार :** पालिकावाट प्राप्त विवरण अनुसार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा धरौटी र अन्य कोषको यस बर्षको सुरु र अन्तिम मौज्दात समावेश भएतापनि यस बर्षको आम्दानी र खर्च समावेश भएको देखिएन ।

अत: पालिकाले सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४७९८६४७५ | २५४२०१३८ | (२२५६६३३७) |
| आन्तरिक अनुदान खाता | ० | ५९८८८०१ | ५९८८८०१ |
| राजस्व वाँडफाँड खाता | ० | १०८४६०२२ | १०८४६०२२ |
| चालु खर्च खाता | ० | ७८७०४७२ | ७८७०४७२ |
| पुँजीगत खर्च खाता | ० | ३६०२५३१ | ३६०२५३१ |
| विविध कोष खाता | ८१०१२ | ४४२९९६७ | ४३४८९५५ |
| धरौटी मौज्दात | ४६६३५०९ | ४६६३५०९ | ० |
| आन्तरिक राजस्व खाता | ० | २३२६२८६ | २३२६२८६ |
| प्रकोप व्यवस्थापन खाता | १७१२५३ | ६२७८४९ | ४५६५९६ |
| **जम्मा** | **५२९०२५२०** | **६५७७५५७५** | **१२८७३०५५** |

पालिकाले स्रेस्तामा खर्चखातावाट बाँकी रहेको मौज्दात रकम संचित कोषमा ट्रान्सफर गरेकोमा संचितकोषको बैंक खातामा आम्दानी नजनिएको, स्रेस्तामा आन्तरिक अनुदान खाता र राजस्व वाँडफाँडखातावाट रकम संचितकोषमा ट्रान्सफर गरेकोमा बैंकबाट ट्रान्सफर नभएको र प्रकोप व्यवस्थापन, विविध कोषखातामा स्रेस्तामा आम्दानी बाँध्न छुटेको कारण स्रेस्ता र बैंकको मौज्दात विच फरक परेको उल्लेख गरेको छ । पालिकाले बैंक र स्रेस्ता विच फरक परेको रकमको सम्वन्धमा हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

२.५ **घटी मौज्दात** : पालिकाले पेश गरेको विवरण अनुसार गत बर्षको बैंक मौज्दात रु. ८,९०,३६,१९४।-, यस बर्ष आन्तरिक अनुदान खाता र राजस्व वाँडफाँड खातामा प्राप्त भएको प्रदेश र संघीय अनुदान रकम रु. ४२,४०,०१,७७४।- र आन्तरिक राजस्व वापत प्राप्त रकम रु.२३,२६,२८६।- समेत जम्मा रकम रु. ५१,५३,६४,२५४।- बाट यस बर्षको खर्च रु. ४५,१४,९०,९१७।- र अनुदान फिर्ता रु. ७७,७०,०६७।- समेत जम्मा रु.४५,९२,६०,९८४।- घटाउदा रु. ५,६१,०३,२७०।- बाँकी बैंक मौज्दात हुनुपर्नेमा रु. ५,६०,५४,२५०।- मात्र देखिएको घटी देखिएको बैंक मौज्दात रकम रु. ४९,०२०।- को सम्वन्धमा एकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,०२० |

३ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आय २३ लाख २६ हजार, राजस्व बाँडफाँड रु. ७ करोड ९५ लाख ५० हजार, अनुदानबाट रु. ३४ करोड ४४ लाख ५० हजार र गत बर्षको मौज्दता रु. ८ करोड ९० लाख ३६ हजार समेत रु. ५१ करोड ५३ लाख ६२ हजार आम्दानी भएकोमा चालुतर्फ रु. ३२ करोड २९ लाख ११ हजार र पूँजिगततर्फ रु. १२ करोड ८५ लाख ७८ हजार समेत जम्मा रु. ४५ करोड १४ लाख ९० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.०५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५७ लाख ६८ हजार खर्च भएको छ जुन आन्तरिक आयको २४७.९७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुतर्फ ७१.५२ र पूँजिगत २८.४८ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **निकासा फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण अनुसार संघिय तथा प्रदेश अनुदान बापत रु २४३५५२७६४ प्राप्त भएकोमा रु २३१२६६२०३ खर्च भइ बाँकी रहेको रकम मध्य रु. ७७६९९८० असार मसान्तमा फिर्ता भएको र फिर्ता गर्न बाँकी रहेको संघिय शसर्त तर्फको रु. ४५१६५८१ लेखापरीक्षणको क्रममा औल्याय पश्चात मिति २०८१।६।७ मा संचित कोषमा दाखिला भएको छ

| विवरण | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|
| संघीय सशर्त अनुदान | १९६६८०००० | १८५०३१८२८ | ७१३१५९१ | ४५१६५८१ |
| संघीय विषेश अनुदान | ३९९४२११ | ३९९४२११ | ० | ० |
| संघीय समपुरक अनुदान | २१६६०१२ | २१६६०१२ | ० | ० |
| प्रदेश सशर्त अनुदान | २७००३००० | २६३६४६११ | ६३८३८९ | ० |
| प्रदेश समपुरक अनुदान | ८७१४७१० | ८७१४७१० | ० | ० |
| प्रदेश विशेष अनुदान | ४९९४८३१ | ४९९४८३१ | ० | ० |
| | २४३५५२७६४ | २३१२६६२०३ | ७७६९९८० | ४५१६५८१ |

५ **संचितकोषमा स्थान्तरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम स्थानीय तहको संचितकोषमा स्थान्तरण गर्नुपर्ने व्यवस्था छ ।आर्थिक बर्षको समाप्त पश्चात पनि पालिकाले देहायबमोजिमको रहेको रकम संचितकोषमा स्थान्तरण गरेको देखिएन । पालिकाले आर्थिक बर्ष समाप्त भए पश्चात अन्य खातामा बाँकी रहेको रकम संचितकोषमा स्थान्तरण गर्नुपर्दछ ।

| खाताको विवरण | मौज्दात रकम (बर्षान्तको बैंक मौज्दात विवरण अनुसार) |
|---|---|
| राजस्व बाँडफाँड खाता | १०८४६०२२ |
| आन्तरिक अनुदान खाता | ५९८८८०१ |
| चालु खर्च खाता | २३२६२८६ |
| पुँजीगत खर्च खाता | ३६०२५३१ |
| आन्तरिक राजस्व खाता | ७८७०४७२ |
| **जम्मा** | **३०६३४११२** |

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री रेवती रावलले मिति २०८०।०३।१० गते रु. ५५ करोड ६१ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ

७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | असार महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजिगत खर्चतर्फ | १२८५७९ | ९९५५ | १६५८२ | ३०४८९ | ७१५५१ | ४१२८८ |
| प्रतिशत | १०० | ७.९० | १२.९० | २३.७१ | ५५.६५ | ३२.११ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.१२ करोड ८५ लाख ७८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा ९९ लाख ५५ हजार अर्थात ७.९० प्रतिशत खर्च, दोश्रो त्रैमासिकमा रु. १ करोड ६५ लाख ८२ हजार अर्थात १२.९० प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ३ करोड ४ लाख ८९ हजार अर्थात २३.७१ प्रतिशत र चौथो त्रैमासिकमा रु.७ करोड १५ लाख ५१ हजार अर्थात ५५.६५ प्रतिशत खर्च गरेको देखिएकोमा असार महिनामा मात्र रु. ४ करोड १२ लाख ८८ हजार अर्थात कुल खर्चको ३२.११ प्रतिशत खर्च गरेको देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## १० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्याबधिक गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वियन गरेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।
- राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन ।

- दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाईएन ।
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।
- वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- मालसामसान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।
- कर्मचारीले एक पटक लिएको पेश्की फर्स्यौट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो ।
- पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फर्स्यौट गर्ने गरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८६५५८००० | ५२३५८४०२ | ६०.५९ |
| २ | सामाजिक विकास | १९७३०५६५८ | १७४७९४५२८ | ८८.५९ |
| ३ | पूर्वाधार विकास | ९०३६६००० | ७४४६२५८७ | ८२.४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४७१७००० | २८९७६०४ | ६१.४३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १७७२२९१०० | १४६९७७५९६ | ८२.९३ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८८.५९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ६०.५९ प्रतिशत रहेको छ ।त्यस्तै पालिकाको कुल खर्च रु.४५ करोड १४ लाख ९० हजार मध्ये सामाजिक विकास र कार्यालय संचालन तथा प्रशासनिक खर्चमा मात्र ७१.२७ प्रतिशत खर्च भएको तर पुर्वाधार विकास र आर्थिक विकास तर्फ क्रमश १६.४९ र ११.६० प्रतिशत खर्च भएको छ ।पालिकाले कार्यालय संचालन तथा प्रशासनिक खर्च भन्दा पुर्वाधार विकास तथा आर्थिक विकासको क्षेत्रमा बढी बजेट विनियोजन गरी खर्च गर्ने व्यबस्था गर्नुपर्दछ ।

## १२ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## १३ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था छ । कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐनको दफा १७ २ मा कुनैबजेट उपशीर्षकमा रकम नपुग भएमा सो अनुदान संकेत अन्तगर्त रकम बचत भएको अन्य बजेट उपशीर्षकहरुवाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटवाट चालु तर्फका खर्च शिर्षकहरुमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शिर्षकहरुमा २५ प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमा कार्यपालिकाको निर्णय अनुसार रु. ८१,४९,९००।- बजेट रकमान्तर गरेको छ । कार्यपालिकाको पटक पटकको निर्णय अनुसार सभाले पारित गरेको कार्यक्रम नगरी रकमान्तर गर्ने, श्रोतान्तर गर्ने, योजना परिवर्तन गर्ने तथा योजनामा छुट्याईएको रकम सम्बन्धित योजना कार्यान्वियन नगरी सोही योजनाको नामबाट बजेट खर्च लेखि अन्य योजना तथा कार्यक्रम गर्ने गरेको देखियो । सभाले स्वीकृत गरेको कार्यक्रम परिवर्तन गर्ने पटके निर्णयवाट रकमान्तर र श्रोतान्तर गर्ने तथा एक योजनामा छुट्टयाईएको बजेट सोही योजनाको नामवाट बजेट खर्च लेखि अन्य योजना कार्यान्वियन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## १४ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ:

| विवरण | निवेदनदर्ता | सिफारिसभएकोसंख्या |
|---|---|---|
| स्वीकृतघरनक्सादर्तापास | ० | ० |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ४०४ | ४०४ |
| मृत्युदर्ता | ११२ | ११२ |
| बसाईसराईदर्ता | ४५ | ४५ |
| विवाहदर्ता | १७० | १७० |
| सम्बन्धविच्छेददर्ता | २ | २ |
| ग्राभेलसडकनिर्माण | विवरण प्राप्त नभएको | |
| ग्राभेलसडकमर्मत | | |
| घोरेटोबाटो | | |
| सडकमासोलिङकार्य | | |
| पिसिसि/आरसिसिसडक | | |
| नदि नियन्त्रण | | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने माथि उल्लेखित सेवा बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

## १५ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० ऐन, नियमावली ५ कार्यविधि २५ लगायत ५० कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

## १६ गतवर्षको समानिकरण अनुदान बचत

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।३।२७ च नं १२१ को परिपत्र अनुसार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्च बाँडफाँडबाट प्राप्त रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने र सोही ऐनको दफा २८ मा अनुदान रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार वित्तिय समानिकरण अनुदानको लागि चालु प्रकृतिको खर्चमा खर्च गर्न मिल्ने देखिदैन । सुत्र प्रणालीको श्रोतगत आम्दानी खर्चको प्रतिवेदन अनुसार कार्यालयको यसवर्ष आन्तरिक श्रोत तर्फको आम्दानी रु. ३,५६,२७,१५२।- देखिएको छ जुन रकम आर्थिक बर्ष २०७९।८० को संघीय समानिकरण अनुदानको बचत रु. १,५४,७५,७१४।- र प्रदेश समानिकरण अनुदानको बचत रु. ५२,५७,७००।- समेत रु. २,०७,३३,४१४।- समावेश रहेको छ । पूँजी निर्माण र विकास निर्माण कार्यको लागि प्राप्त समानिकरण अनुदान अघिल्लो आर्थिक वर्षमा लक्ष्य अनुरुप खर्च नगरी बचतं भएको रकमलाई आन्तरिक आय मानी चालु खर्च शिर्षकमा बजेट बाँडफाँड गरि खर्च गरेको समानिकरण अनुदान कार्यविधि अनुरुप देखिएन । पालिकाले यस बर्ष संघीय समानिकरण अनुदानवापत प्राप्त रकम रु. ८,७३,२७,०००।- बाट चालु खर्चमा वजेट वाडफाँड तथा विनियोजन गरी रु. २,७२,९९,४४१।- र पुँजिगत खर्चमा रु. ४,९८,१८,६१९।- खर्च भएको छ ।

## १७ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०८०।०८१ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु. ५ लाख भन्दा कम | रु.५ लाख देखी रु १० लाख भन्दा कम | रु. १० लाख देखी रु. ५० लाख भन्दा कम | रु. ५० लाख भन्दा माथिका | जम्मा |
|---|---|---|---|---|
| ४४ | ३३ | ४४ | ५ | १२७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५ लाख भन्दा मुनिका मात्र ४४ वटा, रु. ५ लाख देखि १० लाख मुनीका ३३ वटा १० लाख देखी ५० लाख भन्दा कमका ४४ र रु. ५० लाख भन्दा बढीका ५ समेत जम्मा १२७ योजनामा बजेट विनियोजन भएकोमा १२ वटा योजनामा शुन्य खर्च भएको देखिन्छ । पालिकाले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्ष भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

### १८ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले बजेटमा रु. ६५ लाख विनियोजन गरेको भएतापनि सोको कार्यान्वयवन हुन सकेको देखिएन ।

### १९ पदाधिकारीको सुबिधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधमा रु. ५७,६८,०००।- खर्च भएको छ ।

### २० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ ।पालिकाबाट लेखापरीक्षणको क्रममा पालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुको विवरण प्राप्त नभएकोले सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार (COPOMIS)प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

### २१ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

### २२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु. हजारमा) | आन्तरिक आय (रु. हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४५१४९० | २३२६ | ०.५२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २३ म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्स्यौट गर्नु पर्ने र नियम ५२(४) मा फर्स्यौट गर्न बाँकी पेश्की रकमलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| गो. भौ. न. | पेश्की दिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| ४५८ | २०८१/०१/३० | छुई प्रथा सम्बन्धी कार्यक्रम | ऋषिकेश उपाध्याय | २००००० |
| २३२ | २०८१/०२/२७ | गापा ५० प्रतिशत समपुरक | धौलापानी लिफ्ट सिचाइ निर्माण उ सम | २५२००० |
| २८० | २०८०/११/२० | विविध खर्च | रमेश न्यौपाने | २९८१० |
| ७९ | २०८०/९/२३ | शैक्षिक गुणस्तर सुदृढिकरण | कालिका मा.वि. | ६५०००० |
| ७९ | २०८०/९/२३ | शैक्षिक गुणस्तर सुदृढिकरण | दुर्गा माध्यामि विद्यालय | ६५०००० |
| ११ | २०८०/८/२५ | पाठ अध्ययन संचालन | रमेश न्यौपाने | ३००००० |
| १४ | २०८०/९/१७ | कार्यक्रम खर्च | रमेश न्यौपाने | १६१०० |
| **जम्मा** | | | | **२०९७९१०** |

| | |
|---|---|
| पेश्की | २०,९७,९१० |

## २४ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २५ लागत अनुमान र सम्झौता

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ र नियमावली, २०६४ को नियम १४६ मा वोलपत्रमा पर्याप्त प्रतिष्पर्धा गराउन e-Bidding बाट वोलपत्र आह्वान गर्न सकिने उल्लेख छ । पालिकाले यस बर्ष निम्नानुसारको निर्माण कार्यको e-Bidding मार्फत वोलपत्र आह्वान गरी खरिद कार्यको सम्झौता गरेकोमा खरिद कार्यको ठेक्कामा ४६ प्रतिशत देखि ५८ प्रतिशत सम्म लागत अनुमानको तुलनामा घटी कवोल गरी ठेक्का सम्झौता भएको देखियो । यसरी लागत अनुमानको तुलनामा ठुलो अनुपातमा घटी ठेक्का कवोल गरेको अवस्थामा

सम्झौता बमोजिमको कार्य तोकिएको समय र गुणस्तरमा सम्पन्न गर्न नसक्ने सम्भावना बढी रहने हुँदा पालिकाले निर्माण कार्यको निरन्तर अनुगमन तथा सुपरीवेक्षण गरी सम्झौता बमोजिमको कार्य तोकिएको समय र गुणस्तरमा सम्पन्न गराउन बिशेष ध्यान दिनुपर्दछ ।

| ठेक्काको विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | सम्झौता रकम | घटी कवोल प्रतिशत |
|---|---|---|---|---|---|---|
| लक्षु जिउला तटवन्धन निर्माण कार्य | ओम जय दुर्गे निर्माण सेवा | २०८०।९।११ | २०८१।३।१२ | ८४९९९९० | ४५८७५८७ | ४६.०३ |
| रामी जिउला खल्मी जिउला सम्म तटवन्धन | पुष्पा निर्माण सेवा | २०८०।९।५ | २०८१।२।३२ | ९९९९९७८ | ४३३२०६९ | ५६.६८ |
| घड देखि चुकेनी सम्म तटवन्धन | सुवर्ण निर्माण सेवा | २०८०।९।५ | २०८१।२।३२ | १७७९९९९८ | ८७२८९४१ | ५०.९६ |
| खलाखेत देखि रिङगुटा सम्म ह्टवन्धन | सुवर्ण निर्माण सेवा | २०८०।९।५ | २०८१।२।३२ | १९३९९८६५ | ८७२३६७९ | ५५.०३ |
| औद्योगिक ग्राम घेरवार | गौचन निर्माण सेवा | २०८०।१२।१४ | २०८१।२।२६ | १६६८९०१९ | ७०३४३२४ | ५७.८५ |

२६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.७०३०२०। आर्थिक सहायता वितरण गरेको छ ।मापदण्ड र कार्यविधि तथार गरेर मात्र आर्थिक सहायता दिनु पर्दछ ।

२७ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.२९९८८६४।०० र ईन्धन अन्यप्रयोजनका लागि रु.७८२५०।०० गरी कुल रु.३०७७११४।०० ईन्धन वापत खर्च भएको पाईयो।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति ईन्धन उपलब्ध गराई कुन कुन प्रयोजनको लागि प्रयोग भएको सम्पूर्ण विवरण खुलाउने लगबुक,कार्यविवरण माइल मिटर,सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमा भएको भन्ने अवस्था देखिदैन।

२८ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३४१९३६२ खर्च गरेको छ ।

२९ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय अनुसार देहाय अनुसार कम्बल ज्याकेट सिरक रेनकोट लगायत बितरणमुखि कार्यमा खर्च गरेको छ।यस्तो कार्यबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन ।तसर्थ वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यसका केहि उदाहरण देहाय अनुसार छ।

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | वितरण सामाग्री | रकम |
|---|---|---|---|
| २९३।०८०।११।३० | प्रतिज्ञा जनरल स्टोर एण्ड सप्लायर्स | ग्यास चुलो-४५ थान र हिल ट्याङ्क-८८ थान | ८०५९८८ |
| २७४।०८०।११।११ | कठायत जनरल स्टोर सप्लायर्स | सिरक-१६६ थान | ४९८९६२ |
| २०२।०८०।९।२३ | याच वान नाईन्टि नाईन सपिङ्ग सेन्टर | सिरक-१६२ थान | २८१२०० |
| १७८।०८०।९।२० | वि. एण्ड वि. सपिङ् सेन्टर एण्ड सप्लायर्स | ज्याकेट-२१८थान | २९५००३ |
| ११७।०८०।८।२६ | रेविका ईन्टरप्राईजेज | ज्याकेट-८४ | ४९९७५३ |
| ७८।०८०।७।२३ | आचार्य अर्डर एण्ड सप्लायर्स | जाकेट-२०६थान टाउजर-२०६ थान | ३४९१७० |
| ७९८।०८१।३।२२ | भुषाल ग्रुप अफ ईण्डष्ट्रिज | कलम-४५००, कपि-३००र पेन्सिल-३०० | ४९५०५८ |
| ७९४।०८१।३।२२ | भुषाल ग्रुप अफ ईण्डष्ट्रिज | ब्याग-४६६ | ६९९२९८ |
| ६०७।०८१।३।७ | वडा सचिव आनन्द लाल हमाल | जेन्स ज्याकेट-४९<br>लेडिज ज्याकेट-९९ | ३००००० |
| **जम्मा** | | | **४२२४४३२** |

३० **निःशुल्क स्वास्थ्य विमा कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निःशुल्क स्वास्थ्य विमा कार्यक्रम वापत रु.१७९७७००।०० खर्च भएको देखिएको छ।पालिकाले कति जनाको विमा गरेको, विमा गर्ने आधार तथा विमा कम्पनीलाई भुक्तानी दिएको नामनामेशीको विवरण समेत पेश नभएकोले खर्च पुष्टि हुने आधार पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,९७,७०० |

३१ **व्यक्तीलाइ भुक्तानी**

गाउँपालिकाले खर्चका विल भर्पाई लिइ सम्बन्धित पार्टीलाई भुक्तानी दिनु पर्नेमा वडा सचिव तेज बहादुर रावतलाई ल्याप्टप,प्रिन्टर, टेबल,सोफा र दाउरा खरिद खरिद वापत रु.३३७१४१। भुक्तानी दिएको छ।यसरी ल्याप्टप, प्रिन्टर, टेबल, सोफा र दाउरा खरिद गर्दा सम्बन्धित पार्टीलाई दिनुपर्नेमा कर्मचारीलाई सोध भर्ना दिई खरिद गर्नु उपर्युक्त देखिएन। यस्ता कार्य नियन्त्रण हुनु पर्दछ ।

३२ **विल भरपाइ बेगरको भुक्तानी** (३८-२०८१-३-५):

आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम लेखा राख्दा विल भरपाइ सहित राख्नुपर्ने उल्लेख छ । पालिकाले क.अ. विजयकुमार शाहीलाइ राष्ट्रपती रनिङ सिल्ड प्रतियोगिताका लागी ३८- २०८१।३ बाट रु. १००००० भुक्तानी दिएको छ । खर्च साथ विल भरपाइ संलग्न छैन । विल भर्पाइ वेगर भुक्तानी भएको रकम असूल गर्नुपर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

३३ **अग्रिम कर कट्टी नगरेको**

आयकर ऐन,२०५८ को दफा ८८(१) अनुसार नेपालमा श्रोत भएको व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकम १५ प्रतिशत पारिश्रमिक कर र १.५ प्रतिशत अग्रिम कर तिर्नु पर्ने व्यवस्था छ।पालिकाले विभिन्न सामाग्री खरिद,ढुवानी तथा सहभागी भत्ता वापत निम्नानुसार भुक्तानीमा कट्टी नगरी भुक्तानी गरेकोले नपुग कर कट्टी गरी असुल उपर गर्नु पर्ने रु.

| गो.भौ.नं.। मिति | विवरण | कर रकम |
|---|---|---|
| ६४७। ०८१।३। १० | कुटिरो रिसर्च सेन्टर प्रा.लि.लाई सार्वजनिक सुनुवाई वापत रु.४५०००।भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने १.५ प्रतिशत कट्टी । | ६०७५ |
| ६४७। ०८१।३। १० | सिन्जा मल्टि मिडिया प्रा.लि.लाई सार्वजनिक सुनुवाई वापत रु.८५०००।०० भुक्तानी रु.१६९५०।०० मू.अ.कर पेश वाँकी रु.६८०५०।०० भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत कर कट्टी । | ९१८७ |
| ६५१। ०८१।३। १० | सामुदायिक वन उपभोक्ता महासंघलाई रु.१०००००।०० भुक्तानीमा ६८ जनाको सहभागी भत्ता रु.५७८००। र खाजा विल रु.३३२००।०० भुक्तानीमा कर कट्टी नगरेको पारिश्रमिक कर रु.८६७०।र अग्रिम कर रु.४९८।०० | ९१६८ |
| **जम्मा** | | **२४४३०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४३० |

३४ **विल भरपाइ बेगर भुक्तानी** (३२-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसारका सिकाइ केन्द्रलाई विल भरपाई वेगर भुक्तानी दिएको छ ।विल भरपाइ बेगर भएकोमा विल भरपाइ पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी पाउने | रकम |
|---|---|---|
| १. | हाँकु सामूदायिक सिकाई केन्द्र | ६०००० |
| २. | बानिया दियार सामूदायिक सिकाई केन्द्र | ६०००० |
| ३. | ताम्ती सामूदायिक सिकाई केन्द्र | १८४००० |
| ४. | कालिका सामूदायिक सिकाई केन्द्र | ६०००० |
| | जम्मा | ३६४०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६४,००० |

३५ **बढी भुक्तानी** (४०-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षा अधिकृत सुरत बहादुर शाहीलाई क्यालेन्डर खरिद वापत रु.२०००००।०० भुक्तानी दिएकोमा रु.१९२१००।०० को मात्र विल सलंग्न छ । विल भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९०० |

३६ **भेण्डिङ्ग मेसिन खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ । पालिकाले लागत अनुमानत तयार नगरी ३ वटा कोटेशन लिइ नेक्सस ईनर्जी प्रा.लि. बाट भेन्डिङ मेसिन खरिद गरी रु.६९९९९९ भुक्तानी लेखेको छ । खरिद गरेको भेन्डिङ मेसिनको स्पेशिफिकेसन खुलाउनु पर्नेमा स्पेशिफिकेसन खुलाएको छैन रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,९९९ |

३७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, कृषि अधिकृत, पशुपन्छी अधिकृत,प्रशासन सहायक, कम्प्युटर अपरेटर, सबइन्जीनियर सहित १२ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु पदपुर्ती हुनुपर्दछ ।

३८ **तलबी प्रतिवेदन पारित**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २७ जना कर्मचारीको रु.१७६००००।०० र पालिकाका ३० जना कर्मचारीहरुको रु.२५३०१३३७। समेत रु.४२९०१३३७।०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३९ **करार कर्मचारीको महंगी भत्ता**

नेपाल सरकारको अर्थमन्त्रालयको मिति २०७९।१।२१ परिपत्र अनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन,त्यस्तै करारका कर्मचारीलाई स्थानीय भत्ता सम्बन्धि कुनै व्यवस्था छैन तर कार्यालयले देहायका करार कर्मचारीहरुलाई वर्ष भरी रु. १२००००। महंगी भत्ता भुक्तानी र स्थानीय भत्ता रु. ७३८००।गरी कुल रु.१९३८००। भुक्तानी भएको छ । नियम विपरीत भुक्तानी भएको स्थानीय भत्ता सहित सम्बन्धित कर्मचारबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम र पद | स्थानीय भत्ता | महंगी भत्ता रकम |
|---|---|---|---|
| १. | सूचना अधिकृत ऋषिकेश उपाध्याय | 0 | २४००० |
| २. | सहायक कम्प्युटर अपरेटर बिजय कुमार शाही | ७३८०० | २४००० |
| ३. | का.स. दन्त खड्का | ० | २४००० |
| ४. | का.स. जयशंकर उपाध्याय | ० | २४००० |
| ५. | का.स. उमेश कुमार रावत | ० | २४००० |
| **जम्मा** | | ७३८०० | **१२००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९३,८०० |

४० **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो।ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| सव ईन्जिनियर | ३ | १३५४४७० |
| अ.सव ईन्जिनियर | २ | ८५५४५२ |
| सहायक कम्प्युटर अपरेटर | १ | ४२७७२६ |
| अनमी | १२ | ३०४३९६३ |
| अ हे व | ५ | ११७०००० |
| ल्याब | ४ | ९३६००० |
| खरिदार | १ | ४२७७२६ |
| बरिष्ट सहायक | ४ | ८८४००० |
| म.वि. | १ | २६०००० |
| **जम्मा** | | **९३५९३३७** |

| | |
|---|---|
| अनियमित भएको | ९३,५९,३५७ |

४१ **महिला तथा बालबालिकाको डाटा संकलनः**

४१.१ (७०७-२०८१-३-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१.२ (७०७-२०८१-३-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **अन्य सरकारी कार्यालयलाई अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ।त्यस्तै,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनियोजित वजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार पालिकाले छुट्टै बजेट ब्यवस्था भएको सरकारी कार्यालयहरू तथा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन।यो वर्ष देहायअनुसारका सरकारी कार्यालय तथा नाफामूलक संस्थालाई कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| गो. भौ. नं ।मिति | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| २७९।०८०।११।४ | जिल्ला प्रहरी कार्यालय,जुम्ला | प्रहरी चौकी हाँकु लाम्राको भान्छा घर मर्मत खर्च। | १४९६५९ |
| ८१।०८०।८।१० | मालपोत कार्यालय जुम्ला | को.ले.नि.का. विनियोजन खातामा भुक्तानी। | १५०००० |
| ११४।०८०।८।२६ | प्रहरी चौकी हाँकु | प्रहरी प्रमोद कठायत पूजा गर्न | ४१००० |
| | सशस्त्र प्रहरी बल नेपाल नं ३३ गण हेक्वा | दशैंको पूजा गर्न प्रहरी साहा विर वि.क. | १९७९८५ |
| | जम्मा | | ५३८६४४ |

| | |
|---|---|
| अनियमित भएको | ५,३८,६४४ |

४३ **पदाधिकारीलाई सामाग्री वितरणः** (२६३-२०८१-११-९):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धित ऐन,२०७७ वमोजिम उल्लेख गरिएको सेव सुविधा वाहेक अन्य सुविधा दिन नमिल्ने व्यवस्था छ।पालिकाले ब्याग-५०थान खरिद वापत भुषाल अफसेट प्रा.लि.लाई रु.१८४९९९।०० भुक्तानी दिएको छ।ऐनमा भएको व्यवस्था विपरित पालिकाले ब्याग खरिद गरी वितरणको भरपाई वेगर जनप्रतिनिधिलाई वितरण गरेकोले वितरणको भरपाईसहित नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,८४,९९९ |

४४ **खर्चपुष्टि हुने आधारः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसारको उपदेश्य, प्रयोजन तथा खर्च पुष्टि हुने आधार पेश नगरी विभिन्न विल मात्र राखि भुक्तानी गरेकोले खर्च पुष्टि हुने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ.नं./ मिति | कार्यक्रम/ प्रयोजन | ब्यक्ति/पार्टी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६८९। ०८१।३। १४ | पढाई मेल कार्यक्रम | शिक्षा प्रमुख सुरत बहादुर शाही | ३१३०७० | खाजा र खानाको विल रु.२३६४५०।, स्टेशनरीरु.५७७२०। र ईन्धन रु.१८९००। उपस्थिति र लागत अनुमान तयार नगरी विलको आधारमा भुक्तानी। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१३,०७० |

४५ **विद्यालय अनुगमनः** (४१-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। गो.भौ.नं. ४१।०८१।३।२४ बाट रु.१५००००।०० र गो.भौ.नं ३६।०८१।३।२४ बाट रु.१५००००। गरी रु.३०००००। पालिकाले गाउँशिक्षा समितिको बैठक तथा व्यस्थापन खर्च वापत शिक्षा संयोजक सुरत बहादुर शाहीलाई भुक्तानी दिएको छ।अनुगमन भत्ता रु.७३६८०।००,बैठक भत्ता रु.१८०००।००, खाजा विल पेश रु.५८३२०।००,स्टेशनरी खर्च रु४५००।, पेट्रोल रु.४६८३०। र मर्मत विल रु.५१६००।गरी रु.३०४४१० खर्च भएको देखियो। लागत अनुमान, कार्यक्रमको प्रकृति, कार्यक्रम उपस्थित समेत नखुलाई रु.३०००००।०० खर्च लेखेकोमा विद्यालय अनुगमन कार्यक्रममा बैठक भत्ता रु.१८०००।र ईन्धन खर्च रु.४६८३०।००, मर्मत खर्च रु.५१६००।०० गरी कुल रु.११६४३०। दिन नमिल्ने भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१६,४३० |

४६ **सामाजिक सुरक्षा तथा संरक्षण**

४६.१

**निकासा खर्च :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु.७५८३३७०९ /- लाभग्राहिको खातामा जम्मा भएको छ ।

४६.२ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसुची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन ।

४६.३ **लगत अद्याबधिक :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक को विवरण आंशिक गरेको पाईयो।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

४६.४ **सार्वजनिक सुनुवाई र अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनु पर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

४६.५ **पारदर्शिता कायम :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

४७ **खरिदसंग सम्वन्धित कागजात पेश नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले प्रत्येक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम २ बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पुर्वयोग्यताको लागि आह्वान गरिएको सुचना, वोलपत्र आह्वान सम्वन्धी सुचना तथा कागजात, मूल्याङ्कन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सुचनाको प्रतिलिपि असफल वोलपत्रदातालाई पठाएको सुचनाको प्रतिलिपि, खरिद सम्वन्धी प्रकाशित सुचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, ईन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौता संशोधन गरिएको भए सो सम्वन्धि कागजात, मालसमान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष सम्झौता भएका ठेक्काको सम्झौता भए पछिको कागजात पेश गरेता पनि लेखापरीक्षणको क्रममा सम्झौता भन्दा पुर्व भएका वोलपत्र सुचनाको आह्वान, वोलपत्र पेश गर्ने वोलपत्रदाताको विवरण, वोलपत्र खोलेको र मूल्याङंकन गरेको कागजात, वोलपत्रदाताको तुलनात्मक तालिका र वोलपत्र स्वीकृती लगायतका कागजात पेश नभएकोले खरिद प्रक्रिया, वोलपत्रदाता विचको

प्रतिस्पर्धा र वोलपत्रदाताको छनौट लगायतका विषयमा विश्लेषण गर्न सकिएन । पालिकाले खरिद कारवाहीको सुरु चरण देखि अन्तिम चरण सम्मका सम्पुर्ण विवरण तथा कागजातहरुको व्यवस्थित अभिलेख राखी लेखापरीक्षणमा पेश गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४८ **ग्याविन जालीमा ढुङ्गा भर्ने कार्य**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले ग्याविन भर्ने कार्यका लागि चाहिने ढुङ्गा कार्यस्थलमा उपलब्ध भएको र खोलाकै ढुङ्गा प्रयोग भएको अवस्थामा ढुङ्गाको कलेक्सन चार्जसहितको रकम मात्र प्रति घन मिटरका दरले भुक्तानी दिनुपर्नेमा यस बर्ष सम्पन्न भएका सवै ग्याविनमा ढुङ्गा भर्ने कार्यको योजनामा ढुङ्गा खरिद गरेको मानी ग्याविन जालीमा ढुङ्गा भर्ने कार्यका लागि प्रति घन मिटर रु. ४,२१४।- का दरले भुक्तानी दिएको देखिन्छ । पालिकाले यस बर्ष ठेक्का सम्झौता भएका र उपभोक्ता समितिमार्फत कार्य गराएका सवै योजनामा ढुङ्गा खरिद गरेको मानी ग्याविन जालीमा ढुङ्गा भर्ने कार्यका लागि प्रति घन मिटर रु. ४,२१२।- का दरले भुक्तानी गरेकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थपरक र मितव्ययी छ भन्न सकिने अवस्था देखिएन । पालिकाले सम्भव भए सम्म मितव्ययी हुने गरी लागत अनुमान तयार गर्ने तथा भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ।

४९ **सल्लो काठको मूल्य**

सार्वजनिक खरीद नियमावलीको नियम १४८ मा प्रत्येक जिल्लामा पूरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तोकिएको सदस्यहरु रहने गरी एक दररेट निर्धारण समिति रहने र सो समितिले तोकेको दररेटको आधारमा दर निर्धारण गर्नुपर्ने उल्लेख छ। जुम्ला जिल्लाको आर्थिक बर्ष २०८०।८१ को स्वीकृत जिल्ला दर रेट पुस्तिकामा निर्णय नं.२ को (झ) मा सल्लो काट चिरानी चिरानी कटानी, रोयल्टी र ५ किले मिटर सम्मको ढुवानी समेतको प्रति क्यूफिट मूल्य रु.१,०८५।- र निर्णय नं. ५ को (ख) मा विम दलिन तथा अन्य निर्माण कार्यमा प्रयोग गरिने सल्लोको चिरानी काठ (रोयल्टी र ढुवानी वाहेक) को प्रति घन मिटर मुल्य रु. १४,६७५।- उल्लेख छ । पालिकाले निर्णय नं. २ को (झ) को प्रति क्यूफिट रु. १,०८५।- लाई घनमिटरमा रुपान्तरण गरी प्रति घनमिटर रु. ३८,३००।- दर राखि फर्माको कार्य तथा दलिन, विम लगायतको कार्यमा प्रयोग हुने सल्लाको काठको लागत अनुमान तयार गरी सोही बमोजिम उपभोक्ता समितिबाट काम गराई भुक्तानी दिएको छ । पालिकाले यस सम्वन्धमा निर्णय नं. ५ मा ढुवानी वाहेकको भएकोले ढुवानी सहित उल्लेख भएको निर्ण नं. २ को रेट राखी लागत अनुमान तयार गरेको जनाएको छ । पालिकाले लागत अनुमान तयार गर्दा सम्भव भए सम्म मितव्ययी हुने गरी दर रेट राखी लागत अनुमान तयार गर्नुपर्नेमा बढी लागत हुने दर रेट लिई लागत अनुमान तयार गर्दा थप व्ययभार परेको छ । अत: पालिकाले थप व्ययभार पर्ने गरी तयार गरेको लागत अनुमान बमोजिम उपभोक्ता समितिलाई बढी भुक्तानी हु गएको रकम एकिन गरी असुल गर्नुपर्दछ ।

५० **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलिको प्रतिवन्धात्मक वाक्यांशमा गत अनुमान तयार गर्दाको समयमा हेभि मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अर्न्तगत संचालित सडक खन्ने योजनाहरुमा लागत अनुमान तयार गर्दाको समयमानै हेभि मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र सहफ बमोजिम उपभोक्ता समितिहरुले स्काभेटर डोजर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम सम्भव भएसम्म हेभि मेसिनरी प्रयोग गरी सम्पन्न गर्नुपर्ने कार्य उपभोक्ता समितिवाट सम्पन्न गराउने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । यस सम्वन्धि केही उदाहरण निम्नानुसार छन ।

| भौ.न./मिति | काम | फर्म | हेवि इक्विप्मेन्ट | रकम |
|---|---|---|---|---|
| २४-०८१/२/३ | माछाल देउ नाउला हुदै वल्ले सडक निर्माण | रोयल हिमालय इन्जिनियरिङ कन्स्ट्रकसन मुगु | एक्साभेटर | १४१४९५२ |
| ३५-०८१/२/२८ | पातारा साघु देखि थलरा सम्म सडक निर्माण | आर.एन .विलडर्स जुम्ला | एक्साभेटर | १४२७२४७ |
| ५६-०८१/३/२३ | निगाल पानि भला सडक निर्माण | आर.एन विल्डर्स | एक्साभेटर | २३६४३१५ |
| ३०२-०८१/३/२४ | तरापि देखि सर्मि सडक निर्माण | अतित निर्माण सेवा | एकसाभेटर | २१८८८१० |
| **जम्मा** | | | | **७३९५३२४** |

५१ **जटिल संचनाको निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. स्ट्रक्चर सहितका भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन।

| **क्र.स.** | **काम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | गांउपालिका भवन निर्माण | ५७२३२५९ | आर.सि.सि.फ्रेम स्ट्रक्चरको काम |
| २ | वार्ड न.१ को वडा कार्यालय भवन निर्माण | ४६८२०० | |
| ३ | कोपिला आ.वि.भवन निर्माण | ९९७८०० | |
| ४ | जनता आ.वि .भवन निर्माण | १२८४२७४ | |
| जम्मा | | ८४७३५३३ | |

५२ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५३ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको र लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको अवस्था छ । निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण आंशिक रुपमा हुने गरेको देखिएको । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

५४ **उपभोक्ता समितिलाई मूल्य अभीबृद्धी कर भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले गिरीखोला जाल्पा विद्युत आयोजनाबाट लाग्न टेलिफोन टावरमा विद्युत विस्तार कार्यको लागि गिरीखोला ग्रामिण विद्युत सहकारी संस्थासंग सम्झौता गरी भुक्तानी दिदा र. ६,५१,८४८।- को मूल्य अभिबृद्धि कर विजकको १३ प्रतिशत रकम भुक्तानी दिनुका साथै ज्याल खर्च रु. २,२९,९४४।- को मुल्य

अभिबृद्धि कर रु. २९,८९३।- समेत भुक्तानी दिएको देखिन्छ । पालिकाले विल विजक वेगरको ज्याला खर्चमा भुक्तानी दिएको मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २९,८९३ |
|---|---|

५५ **झोलुङ्गे पुल निर्माण** (१४-२०८०-१२-६):

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम(संघीय सशर्त अनुदान) अन्तर्गत हाकु ट्रस पुल निर्माण कार्यको लागि उपभोक्ता समिति र पालिका विच २०७९।६।१३ मा भएको सम्झौतामा कुल लागत रकम मध्ये संघीय सशर्त अनुदान, पालिका र उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम उल्लेख गरेकोमा पुल निर्माण कार्यको अन्तिम भुक्तानी दिदा पालिकाले व्यहोर्नुपर्ने रकम पालिकावाट भुक्तानी नदिई उक्त रकम रु. १,८३,५७०।- समेत संघीय सशर्त अनुदानबाट भुक्तानी दिएको देखिन्छ । पालिकाले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लागि उपभोक्ता समितिसंग भएको सम्झौतामा उल्लेख भए बमोजिम पालिकाले व्यहोर्नुपर्ने रकम समेत संघीय सशर्त अनुदानवाट खर्च लेखेकोले उक्त रकम संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,८३,५७० |
|---|---|

५६ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले यस बर्ष वोलत्रको माध्यमवाट निम्नानुसार निर्माण कार्यको ठेक्का सम्झौता गरी कार्यसम्पन्न गरी वोलपत्रको माध्यमबाट खरिद कार्य गर्दा बचत भएको वजेटबाट पुन सोही क्षेत्रमा थप कार्यको लागि टुक्रा टुक्रा पारी रु. १० लाख भन्दा कमको लागत अनुमान तयार गरी विभिन्न फर्मसंग सोझै खरिद गरेको देखियो । पालिकाले वोलपत्रको माध्यमवाट खरिद कार्य गर्दा लागत अनुमानको तुलनामा ६० प्रतिशत सम्म घटीमा सम्झौता भई कार्य सम्पन्न गरेकोमा सोही कार्य भने रु. १० लाख भन्दा कमको लागत अनुमान वनाई लागत अनुमानको हाराहारीमै खरिद सम्झौता गरी भुक्तानी भएको छ । अत: खरिद कार्यमा प्रतिस्पर्धामा सिमित हुने विभिन्न फर्मसंग सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| **गो.भौ.नं. र मिति** | **कामको विवरण** | **फर्मको नाम** | **लागत अनुमान** | **सम्झौता तथा भुक्तानी रकम** |
|---|---|---|---|---|
| ३८-०८१।३।२४ | औद्योगिक ग्रामको वाल निर्माण | श्री ठाकुज्यू निर्माण सेवा | १०००००० | ९९४८८५ |
| ४०-०८१।३।२४ | औद्योगिक ग्रामको वाल निर्माण (पलास्टर र पेन्ट) | गौचन निर्माण सेवा | १०००००० | ९९३२१२ |
| ३०८- ०८१।३।२४ | खलखेत देखि रिङगुटा सम्म तटवन्धन | सुवर्ण निर्माण सेवा | १०००००० | ९९५३९१ |
| | घडदेखि चुकेनी सम्म तटवन्धन | तेजेन्द्र निर्माण सेवा | १०००००० | ९९३०२१ |
| **जम्मा** | | | | **३९७६५०९** |

| अनियमित भएको | ३९,७६,५०९ |
|---|---|

५७ **प्रयोग नभएको सामाग्रिको भुक्तानी** (२५-२०८१-३-१३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै पनि विल विजकको भुक्तानी नाँप जाँच गरी बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने उल्लेख छ । पालिकाले औद्योगिक ग्राम निर्माण कार्यका निर्माण व्यवसायी गौचन निर्माण सेवालाई अन्तिम विलको रकम भुक्तानी दिदा निम्नानुसार आईटमको समाग्रि प्रयोग नभएको अवस्था उक्त समाग्रिको रकम भुक्तानी

दिएको छ । सम्झौता बमोजिम खरिद भएको निर्माण सामाग्रि प्रयोग नभइ पालिकाको जिन्सी खातामा आम्दानी बाँधी सोको रकम निर्माण व्यवसायीलाई भुक्तानी दिएकोले उक्त सामाग्रि प्रयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं. र मिति** | **आईटम नं.** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २५-०८१।३।१३ | १५ | CGI Sheet 40.69 Sq.m *25 | \१०१७३६ |
| | १६ | Roofing Works 16.46 RM *1000 | १६४६० |
| जम्मा | | | ११८१०६ |
| मूल्य अभिबृद्धि कर | | | १५३६५ |
| **कुल जम्मा** | | | **१३३५६१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,५६१ |

५८ **पटक पटक झोला खरिद**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानि दिनु पर्दछ।पालिकाले गो.भौ.नं. ३१९/०८१/३/२४ वाट वि.एण्ड वि. सपिङ सेन्टरवाट ८ थान झोला खरिद गरि रु. ९९,४४०।- खर्च लेखेको छ। देहायका व्यक्तिले गो.भौ.नं.२९३/०८१/३/२४ वाट प्रति व्यागको १०१७० मुल्य पर्ने खरिद गरेको झोला वुझिलिएको अवस्थामा फेरि त्यहि मितिमा अर्को झोला लिएको भरपाई पेश भएकाले दोहोरो झोला खर्च वापतको रकम असुल हुनुपर्दछ रु.

| दर्जा/नाम थर | सामान | रकम |
|---|---|---|
| ओम वहादुर चन्द | ल्यापटप व्याग १ थान | १२४३० |
| डिल्लि वहादुर वुढा | ल्यापटप व्याग १ थान | १२४३० |
| कृष्णहरि अधिकारि | ल्यापटप व्याग १ थान | १२४३० |
| केशव राज वम | ल्यापटप व्याग १ थान | १२४३० |
| रविन्द्र गौतम | ल्यापटप व्याग १ थान | १२४३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,१५० |

५९ **खानेपानि कामको माटो पुर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ । खानेपानी तथा ढल व्यवस्थापन विभागबाट जारी भएको निर्माण कार्यको दर विश्लेषण नर्म्स २०४१ (दोस्रो संशोधन २०५० समेत) र सिचाई विभागको दर विश्लेषण नर्म्समा पानी छर्किएर माटो पुर्ने कामको लागि प्रति घ.मी. ०.५० मेन डेज र पानी नछर्किएर माटो पुर्ने कामको लागि प्रति घन मिटर ०.२५ मेन डेज लाग्ने उल्लेख छ । पालिकाले पानी छर्किएर माटो पुर्ने कार्यको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसंग सम्झौता गरी कार्य सम्पन्न गराई भुक्तानी गरेकोमा पहाडी जिल्ला तिर पानी छर्किएर माटो पुर्ने कार्य सम्भव नभएको र पालिकाका प्राविधिकहरुले पनि पानी छर्किएर माटो पुर्ने काम गर्ने नगरेको जवाफ दिएका छन । पालिकाले पानी नछर्किएर माटो पुर्ने कार्यको प्रति घन मिटर रु. २२१.४५ को दरले भुक्तानी गर्नुपर्नेमा पानी छर्किइर माटो पुर्ने कार्यको रट बमोजिम प्रति घन मिटर रु. २४४.९० भुक्तानी भएकोले प्रति घन मिटर रु. २२१.४५ बढी भुक्तानी हुन गएको छ । पालिकाले पानी नछर्किएर माटो पुर्ने कार्य सम्पन्न गरेको अवस्थामा पानी छर्किएर माटो पुर्ने कार्यको नर्म्स बमोजिमको रकम भुक्तानी दिदा निम्नानुसार योजनामा बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| भौ.न./मिति | काम | माटो पुर्ने परिमाण | वढि दर | वढि रकम |
|---|---|---|---|---|
| २१/०८०/७/२ | तिलाकोट खानेपानि निर्माण उ.स.<br>जाजरगाउ खानेपानि निर्माण उ.स. | ७०४.२५ घ.मि<br>२१६ घ.मि. | २२१.४५<br>२२१.४५ | १५५९५६<br>५७७९८ |
| १८०/०८१/१/३० | माटो भिट्टा च्वाउने गाचोर खानेपानि | ३८८.९४ घ.मि. | २२१.४५ | ८६१३० |
| २०७/०८१/२/७ | जर्मि खानेपानि एक घर एक धारो निर्माण | ५८० घ.मि. | २२१.४५ | ८६१३० |
| **जम्मा** | | | | ३८६०१४ |

| असुल गर्नुपर्ने | ३,८६,०१४ |
|---|---|

## ६० परिमाण र दर उल्लेख नगरि भुक्तानि

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७९२,८०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ६१ ननफइलर

मुल्य अभिबृद्धी कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिबृद्धी करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार फर्मलाईमूल्य अभिबृद्धि कर भुक्तानी दिएकोमा उक्त फर्म हरु लेखापरीक्षण अबधि २०८० भाद्र सम्म कर विवरण नवुझाई ननफाइलर रहेको देखिएकोले भुक्तानी भएको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ६१.१ | अमित निर्माण सेवा (६०६७९१३४८) | २५१,८१० |
| ६१.२ | आर.एन. विलडर्स जुम्ला (६०३१३४६६७) | २७२,००० |
| ६१.३ | आर.एन.विल्डर्स | १६४,१९७ |

| प्रमाण पेश नगरेको | ६,८८,००७ |
|---|---|

## ६२ नेत्रज्योती माध्यामिक विद्यालय

६२.१ **जनश्रमदानको अंश कट्टी नगरेको :** विद्यालय क्षेत्र कार्यक्रम अन्तर्गत विद्यालयको भौतिक पुर्वाधार निर्माण कार्यको लागि विद्यालय र पालिका विच २०८०।११।२२ मा भएको सम्झौतामा निर्माण कार्य सम्पन्न भए पछी जनश्रमदानको अंश कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले विद्यालयको भवन निर्माण र फर्निचर व्यवस्थापन कार्यको लागि निम्नानुसारको लागत अनुमान तयार गरी उक्त लागत अनुमानमा जनश्रमदानको अंश समेत उल्लेख गरेकोमा अन्तिम भुक्तानी दिदा भने उक्त जनश्रमदानको अंश कट्टी गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | कामको विवरण | लागत अनुमान | कार्य सम्पन्न रकम | जनश्रमदानको कट्टी गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ३९-०८१।३।२४ | ४ कोठे बहु बर्षिय भवन र्माण | ५३३३३३३ | ५३१९६६८ | ५३१९६८ |
| ३९-०८१।३।२४ | Iron, Electronic, Desk and Bench Works | ५२६३१६१ | ५२४४४८६ | २६३१६१ |
| जम्मा | | | १०५६४१५४ | ७९५१२९ |
| जम्मा भुक्तानी हुनुपर्ने रकम | | | | ९७६९०२५ |
| भुक्तानी भएको रकम | | | | १००००००० |
| बढी भुक्तानी रकम | | | | २३०९७५ |

| असुल गर्नुपर्ने | २,३०,९७५ |
|---|---|

६२.२ **फर्निचर तथा आईरन सम्वन्धी सामान खरिद:** विद्यालयको भौतिक पुर्वाधार निर्माण कार्यको लागि विद्यालय र पालिका विच २०८०।११।२२ मा भएको सम्झौतामा बिद्यालय भौतिक पुर्वाधार सम्वन्धी कार्यक्रम संचालनको लागि विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने र उक्त समितिले पुर्वाधार निर्माण सम्वन्धी कार्य संचालन गर्नुपर्ने उल्लेख छ। पालिकाले यस बर्ष विद्यालयको फर्निचर, आईरन, विद्युतीकरण र डेस्क वेन्च कार्यको लागि रु. ५२,६२,१६१।- को लागत अनुमान तयार गरी आर्थिक बर्षको अन्तमा विद्यालयसंग सम्झौता गरेको देखिन्छ । विद्यालयले सम्झौता बमोजिमको कार्य निम्नानुसार फर्मवाट सोझै खरिद गरी उक्त फर्मलाई रकम भुक्तानी गरेको देखियो । विद्यालयले जनश्रमदान नहुने शतप्रतिशत खरिद गर्नुपर्ने अर्थात निर्माण व्यवसायीबाट सम्पन्न गराउनुपर्ने कार्य वोलपत्रको माध्यमवाट खरिद गरी खरिद कार्यलाई मितव्ययी वनाउनुपर्नेमा लागत अनुमान वरावरको रकमको खरिद तथा निर्माण कार्य निर्माण व्यवसायीबाट सोझै खरिद गराई भुक्तानी दिएको निमयसम्मत नदेखिएको रु.

| **निर्माण व्यवासयी /फर्मको नाम** | **कामको विवरण** | **विल रकम** |
|---|---|---|
| रावल निर्माण सेवा | डेक्स वेन्च सेट, च्यानल गेट, रेलिङ कार्य | ३७१६६२६ |
| रावल निर्माण सेवा | ट्रस र रेलिङ, च्यानल गेट र बिद्युतीय सामान | १२६९८६५ |
| **जम्मा** | | **४९८६८९१** |
| **पालिकाबाट भुक्तानी भएको जम्मा रकम** | | **५००००००** |

| अनियमित भएको | ५०,००,००० |
|---|---|

६२.३ **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेसिफिकेशन बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनकि निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानीय वजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारि गरेको दररेट आदिलाई आधार लिनुपर्ने उल्लेख छ । पालिकाले विद्यालयको लागि बहुबर्षिय भवन निर्माण कार्य अन्तर्गत विद्यालयको निर्माणधिन भवनमा Iron, Electrical र डेस्क वेन्च खरिद तथा जडान कार्यको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधारहरु लिएको नदेखिएकोले उक्त लागत अनुमान मितव्ययी र यथार्थपरक छ भन्न सक्ने अवस्था देखिएन ।अत: पालिकाले खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेर मात्र खरिद कार्य गरी खरिद कार्यलाई मितव्ययी वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

६३ **चामल खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालयले भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानि दिनु पर्ने व्यवस्था छ।पालिकाले विपत व्यवस्थापन शिर्षकवाट मिति ४६/०८१/३/१९ मा खाध्य व्यवस्थापन तथा व्यापार

कम्पनि वाट १०० वोरा चामल खरिद वापत रु. ९,२०,०००।- भुक्तानि दिएको छ। खरिद गरेको चामल लेखापरिक्षणको मिति सम्म पनि पालिकामा मौज्दात छ। उक्त चामलको उपभोग भएको प्रमाण पेश हुनुपर्ने रु.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ६३.१ | खाधय व्यवस्थापन तथा व्यापार कम्पनि | ९२०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२०,००० |

६४ **परिमाण दर र चेनेज नखुलेको** (२४-२०८१-३-२३):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,४१४,९५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६५ **अनुत्पादक खर्च**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानिय तहले उपयोगिता सिर्जना हुनेगरि अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरि कार्यान्विय गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय अनुसार कार्यमा खर्च गर्ने गरेको छ । यस्तो कार्य नियन्त्रण गरि उपयोगिता सिर्जना हुने र अधिकतम प्रतिफल दिने छनौट गरि कार्यान्वियनमा ल्याउनु पर्दछ। अनुत्पादक कार्यमा खर्च गरेका केहि उदाहरण छन।

| भौ.न./मिति | विवरण | रकम |
|---|---|---|
| १११-०८०/१२/७ | धर्का मन्दिर निर्माण | ६९०४१७ |
| १६६-०८१/१/३० | कैलास मन्दिर निर्माण | ३८९९८९ |
| १९८-०८१/२/३ | कालिका स्थान निर्माण | ४९४००० |
| २५०-०८१/३/९ | चर्च निर्माण कपरकोट | २००००० |
| २६८-०८१/३/१९ | वुदवुदि मन्दिर निर्माण | ९८८७५६ |
| २८९-०८१/३/२४ | नदै देवि मन्दिर निर्माण | ९७७५९७ |
| **जम्मा** | | **३२३२७५९** |

६६ **कोटेशन विना खरिद** (२२६-२०८१-२-६):

सार्वजनिक खरिद ऐन २०६३ को दफा १२(१) अनुसार परामर्श सेवा लिदा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाकु –सागु- गिदि खोला फुलचौर लामा सडक योजनाको ११.५ कि.मि. को डि. पि.आर तयार गरेवापत रु. ९,७४,९४७।- मुन लाइट इन्जिनियरिङ एण्ड कनसल्टेन्सी प्रा.लि. लाई भुक्तानि दिएको छ। पालिकाले परामर्श सेवाको लागत अनुमान र कोटेसन संलग्न नगरी भुक्तानी साथ दिएको छ।साथै उक्त कार्यका लागि वजेट व्यवस्था समेत भएको देखिएन । वजेट सुनिश्चितता समेत नभएको अवस्थामा नियममा व्यवस्था भए वमोजिमको प्रकृया नपुर्‍याई डि.पि.आर.निर्माण गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,७४,९४७ |

६७ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| भौ.न./ मिति | काम | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २२६/०८१/२/१६ | सागु गिदिखोला लामाचौर सडक DPR | मुनलाईट इन्जिनियरिङ एण्ड रिसर्च कन्सलटेन्सि | ९७४९४९ | विना कोटेसन |
| २८४/०८१/३/२२ | जग्गाको वर्गिकार र प्रयोगकव DPR | व्यापार नेपाल प्रा.लि. | ९९७७५७ | विना कोटेसन |
| २८५/०८१/३/२२ | वालाङगाड खोला हाइड्रोपावर DPR | रेडियन्ट इञ्जिनियरिङ एण्ड कन्सट्रकसन प्रा.लि | ९९७७५७ | विना कोटेसन |
| **जम्मा** | | | **२९७०४६३** | |

अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

६८ **विगत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. १४०४०००/- भुक्तानी दिएको छ।विगत आर्थिक वर्ष २०७७।०७८ को ११ वटा विद्यालयको भुक्तानी दिन बाँकी दिवा खाजा वापत पञ्चेश्वर बहुउदेश्यीय सहकारी संस्थालाइ १९३-२०८१।३।२४ बाट रु १४०४०००/- भुक्तानी दिएको छ । भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) समेत समावेश नगरी संघिय कार्यक्रम तर्फको फ्रिज हुने रकम विगतको भुक्तानी भनी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.

| विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|
| सुन्दरमणी आधारभुत विद्यालय डाँगीबाडा | २०००० |
| श्री जनजागृती प्राथामिक विद्यालय बारागाउँ | २९५५०० |
| श्री कालिका माद्यामिक विद्यालय टोप्ला | २५०००० |
| श्री जनता सेवक आधारभुत विद्यालय बन्तडी | १९७००० |
| श्री दुर्गा माद्यामिक विद्यालय मदु | १५०००० |
| श्री गणेश आधारभुत विद्यालय राँका | ५२००० |
| श्री जनप्रिय आधारभुत विद्यालय डुङ्गरी | १०२००० |
| श्री महादेव आधारभुत विद्यालय थलले | ११५००० |
| श्री कालिका आधारभुत विद्यालय श्रीनगर | १७००० |
| श्री नददेवी आधारभुत विद्यालय बुढाडाँडा | १०३००० |
| श्री सुर्योदय आधारभुत विद्यालय बस्नेतटाकुरी | १०२५०० |
| जम्मा | १४०४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,०४,००० |

६९ **फर्माको कामको बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ। शहरी विकास तथा भवन निर्माण विभागको नर्म्समा फर्माको दर रेट विश्लेषण गर्दा ६ पटक सम्म प्रयोग गरिसकेपछी Scrap Value २५ प्रतिशत बाँकी रहने उल्लेख छ । जसअनुसार फर्माको कार्यको भुक्तानी दिदाँ फर्माको हकमा आवश्यक दररेट निकाल्दा आवश्यक फर्माको परिमाणलाई ६ ले भाग गरी ०.७५ ले गुणन गर्नुपर्नेमा सो नगरेका कारण निम्नानुसार योजनामा बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| कामको विवरण | परिमाण (ब.मि.) | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| **(गो.भौ.नं.- ८-०८०।११।१०) जनजागृति मा.वि.भवन निर्माण वडा नं. ७** | | | | | |
| फर्मा | ७१४.६५ | ८७०.७ | ७०३.१२ | १६७.५८ | ११९७६१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,७६१ |

७० **स्यानिटरी प्याड** (१९४-२०८१-३-२४):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १०३४ जना रहेका छन। पालिकाले नेक्सन इनर्जि प्रा.ली. बाट (१९४-०८१।३।२४) १६७५२ थान स्यानिटरी प्याड रु. १६७४९०५/- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

७१ **शिक्षा तर्फ**

७१.१ **दिवा खाजाः-** कार्यक्रम कार्यन्वय पुस्तिका(२०८०।८१) को २.८.७ मा जुम्ला जिल्लाका स्थानीय तहले प्रतिविद्यार्थी दैनिक रु.२०।- का दरले विद्यालयलाई निकासा गर्ने व्यवस्था छ। साथै स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र वि.व्यf.स. अध्यक्षबाट विद्यार्थीको हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले छनौटमा परेका निम्नानुसारका विद्यालयको प्रथम चौमासिकको दिवा खाजाको भुक्तानी दिदा विद्यार्थीको संख्याको आधारमा भुक्तानी नदिइ IEMIS तथ्यांकको आधारमा भुक्तानी गरेको हुदा कार्यविधिमा भएको व्याबस्था भन्दा बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. १३५६०० बढिनिकासा भएकोले बाँकी विद्यालयको तहाँ पालिकाले नै छानविन गर्नुपर्ने र सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढि भुक्तानी रकम |
|---|---|---|---|
| जन जागृति मावि बाहगाउँ | २७६००० | २४३६०० | ३२४०० |
| कालिका मा.वि.टोपला | २२६८०० | १७२८०० | ५४००० |
| जनता सेवक आधारभुत विद्यालय सर्मी | २३६४०० | २१७२०० | १९२०० |
| दुर्गा माध्यामिक विद्यालय मधु | ३३०००० | ३००००० | ३०००० |
| जम्मा | | | १३५६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,६०० |

७१.२

**निशुल्क पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७८।०७९ को कृयाकलाप नं.2.4.6.1 मा सामुदायीक विद्यालयका विद्यार्थीहरुको लागी अनुदान उपलब्ध गराउँदा IEMIS मा अद्यावधिक विद्यार्थी संख्यालाइ सम्बन्धीत विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यबस्थापन समितिका अध्यक्षबाट सत्यापान गराइ अनुदान दिनुपर्ने व्याबस्था छ । पालिकाले २३ वटा विद्यालयलाई निशुल्क पाठ्यपुस्तक वापत रु.3५४४५५५।७० निकासा गरेको छ । सो सम्बन्धमा स्थानीय तहबाट अनुगमन नभएको, उक्त छात्रवृतिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन पेश नगरेबाट छात्रवृति वितरण एवं प्रभावकारिता सम्बन्धमा विश्वस्त हुन सकिएन । IEMIS को तथ्यांक र हाँजिर रजिष्टारमा विद्यार्थी संख्या फरक भएको हुदा सम्बन्धित विद्यार्थीले पाठ्यपुस्तकको उपयोग गरे नगरेको यकिन भएन ।त्यसैगरी IEMIS मा प्रविष्ट भएको संख्यालाइ सत्यापान गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रबृति निकासा दिनुपर्नेमा सो नगरेको नियमसम्मत देखिएन विद्यार्थी संख्या यकिन गर्ने तथा अनुगमन गर्ने कार्य गर्नुपर्दछ ।

७१.३ **IEMIS को तथ्याङ्क:-** कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८०/8१) मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम् पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्नेमा आंशिक रुपमा गरेको पाइएकोले पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, बुक कर्नर, हामाली छात्रबास, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा पालिका, शिक्षा शाखा एवं विद्यालयले फोटो सहितको अनुगमन गरी प्रतिबेदन पेश पर्दछ।

७१.४ **प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सामग्री अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्रीको लागि बालबालिका पोटपोलियो कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१०, कक्षा ११-१२ सम्मका विद्यार्थी को रकम विद्यालयको खातामा निकासा गर्ने र विद्यालयले उक्त रकम शिक्षण सिकाई सामाग्रीमा खर्च गरेको नगरेको स्थानीय तहले अनुगमन गर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं.२६४।२०८१।३।२३ बाट २६ वटा आधारभुत विद्यालयल र २९ वटा माध्यामिक विद्यालयलाइ गरी रु.१३६१०००निकासा गरेको छ । उक्त रकम शिक्षण सिकाई सामग्रीमा खरिद र उपयोगमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरेको नदेखिदा अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ ।

### ७२ रसिद नियन्त्रण खाता

पालिकाले राजस्व आम्दानीको लागि महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राजस्व आम्दानीको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं. ९०४) तयार गरेको देखिएन । पालिकाले रसिद नियन्त्रण खाता तयार नगरेका कारण गत वर्षको नगदि रसिदको ठेली, यस बर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेलीको संख्या एकिन गर्न सकिएन । पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तातोपानी गाउँपालिका, जुम्ला , तातोपानी गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तिर्थबहादुर कठायत | २०७९-६-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवराज न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,००५,७२३ | २०,०३४,४५६ | २१,०५५,५९६ | ० | ० | २,०९७,९१० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४६,१९३,६८५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १६,११२,४३९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३०,०८१,२४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०४२१२७६४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९२४९२२२४ | **चालु खर्च** | ३२२९११९०९ |
| **प्रदेश सरकारबाट अनुदान** | ५१९५८५४१ | **पूँजीगत खर्च** | १२८५७८८०८ |
| **राजश्व बाँडफाँट** | ७९५५०९२३ | **वित्तीय/अन्य व्यवस्था** | १०३६२६४९२ |
| **आन्तरिक आय** | २३२६२८६.० | | |
| **अन्य आय** | ९०३५२०४८ | | |
| **कुल आय** | ५१६६८००२२ | **कुल खर्च** | ५५५११७२०९ |
| **बाँकी मौज्दात** | | ६५७७५५७७ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।